विधेयक संख्याः

# विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८०

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार

## उद्देश्य र कारण

नेपालमा विद्युतीय व्यापारको माध्यमबाट वस्तु तथा सेवाको खरीद बिक्री बढ्दो क्रममा रहेकोले विद्युतीय माध्यमबाट हुने कारोबारलाई नियमन गर्न तथा व्यवस्थित र विश्वसनीय बनाउँदै प्रवर्द्धन गर्न विद्युतीय व्यापार सम्बन्धी ऐन आवश्यक भएको। विद्युतीय व्यापार प्रवर्द्धनको माध्यमबाट मुलुकमा रोजगारी सिर्जना, वस्तु तथा सेवाको सहज आपूर्ति, निर्यात प्रवर्द्धन तथा लघु, घरेलु, साना तथा मझौला उद्योगको उत्पादन अभिवृद्धि गर्न सकिने अवस्था रहेको। कानूनी व्यवस्थाको अभावमा विद्युतीय माध्यमद्वारा सञ्चालन गरिने व्यापारको व्यवस्थापन गर्न कठिनाई भएको। तसर्थ सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वसनीय बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गरेको छु ।

**(रमेश रिजाल)**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री

## आर्थिक टिप्पणी

प्रस्तुत विधेयकको दफा ३ मा व्यवसाय दर्ता गरेर विद्युतीय व्यापार गर्न सक्ने प्रावधान रहेकोले व्यवसाय दर्ता अन्तर्गत उठ्ने रकम, दफा ११ मा विद्युतीय व्यापारको माध्यमबाट आयात तथा निर्यात गर्न सकिने भन्ने प्रावधान भए बमोजिम वस्तु तथा सेवाको आयात तथा निर्यातमा लाग्ने भन्सार महसुल वापत प्राप्त हुने रकम र दफा २२ मा उल्लिखित निरक्षण अधिकृतले तथा दफा २४ मा उल्लिखित अदालतले गर्ने जरिवानाबाट प्राप्त रकम समेत  संघीय संचित कोषमा जम्मा हुने हुँदा संघीय संचित कोषमा रकम वृद्धि हुनेछ। साथै, यस विधेयक बमोजिम वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट स्थापना गर्नुपर्ने विद्युतीय व्यापार पोर्टल, छुट, सुविधा तथा सहुलियत दिन सक्ने, मुद्दाको अनुसन्धान र दायरी, विभागवाट विद्युतीय व्यापारको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य सम्पादनको क्रममा हुने प्रशासनिक खर्च वापतको रकमबाट नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना हुने हुँदा संघीय संचित कोषबाट बजेट विनियोजन गरी खर्च गर्नुपर्ने देखिन्छ।

(**रमेश रिजाल**)

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानुनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ३५ | नेपाल सरकारले छुट, सुविधा वा सहुलियत दिन सक्ने | विद्युतीय प्लेटफर्म मार्फत् मन्त्रालयले तोकेको सीमाभन्दा बढीको कारोबार गर्ने लघु, घरेलु तथा साना उद्योगलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक छुट, सुविधा वा सहुलियत दिन सक्नेछ। | लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन र विकास भएको हुने। छुट सुविधा र सहुलियतबाट केही आर्थिक दायित्व सिर्जना हुने। |
| २. | ३७, १४(ख) र १५(ङ) | निर्देशिका बनाउन सक्ने | • विद्युतीय व्यापार ऐनको कार्यान्वयन गर्ने सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा निर्धारण गरिने।<br>• दफा १४ को उपदफा (ख) बमोजिम वस्तु वा सेवाको कारोबारको प्रकृति एकीन गरिने।<br>• दफा १५ को उपदफा (ङ) बमोजिम कारोबारको प्रकृति एकीन गरिने। | विद्युतीय व्यापार सञ्चालन सम्बन्धी व्यवस्था स्पष्ट र सरल भएको हुने। |

## व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २ | परिभाषा | विधेयकमा प्रयोग भएका शब्दावलीहरु स्पष्ट गरी परिभाषित गर्न। |
| ३ | विद्युतीय व्यापार गर्न सक्ने | प्रचलित कानून बमोजिम कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई विद्युतीय व्यापार गर्ने कानूनी आधार बनाउन। |
| ४ | विद्युतीय प्लेटफर्म स्थापना गर्नु पर्ने | विद्युतीय व्यापार सञ्चालन गर्ने व्यवसायीलाई आफ्नो व्यापार वा व्यवसायको सम्बन्धमा क्रेताले चाहेको वखत सुसूचित निर्णय लिन सक्ने गरी प्लेटफर्म मार्फत् आवश्यक जानकारी सहितको प्रणालीमा आवद्ध गर्न। |
| ५ | सूचीकरण गर्नु पर्ने | विद्युतीय व्यापारको सहजीकरण र नियमन गर्न। |
| ६ | विवरण खुलाउनु पर्ने | वस्तु तथा सेवाको बारेमा क्रेता लगायतका सम्बन्धित पक्षलाई विस्तृत जानकारी गराउन। |
| ७ | करार भएको मानिने | विद्युतीय कारोबारलाई व्यवस्थित र कानूनसम्मत बनाउन। |
| ८ | विद्युतीय व्यापारको भुक्तानी | विद्युतीय व्यापार गर्दा वस्तु वा सेवाको कारोबारको भुक्तानीलाई व्यवस्थित गर्न। |
| ९ | वस्तु वा सेवाको हस्तान्तरण | करारमा उल्लेख भए बमोजिम वस्तु वा सेवाको हस्तान्तरण प्रक्रियालाई व्यवस्थित गर्न। |
| १० | वस्तु वा सेवा फिर्ता गर्न सकिने | विद्युतीय व्यापार मार्फत् खरिद गरेको कुनै वस्तु वा सेवा क्रेताले माग गरे बमोजिमको नभएमा निजले व्यवसायीलाई फिर्ता गर्न सक्ने प्रावधान सहित उपभोक्ताको संरक्षण गर्न। |
| ११ | आयात तथा निर्यात गर्न सकिने | विद्युतीय व्यापार मार्फत् आयात र निर्यातलाई सहजीकरण र व्यवस्थित गर्न। |
| १२ | व्यक्तिगत सूचना गोप्य राख्नु पर्ने | विद्युतीय व्यापारसँग सम्बन्धित कुनै पनि व्यक्तिको वैयक्तिक सूचना वा पहिचान जनाउने वैयक्तिक विवरणको गोप्यता कायम राख्न। |

| | | |
|---|---|---|
| १३ | बिक्री-वितरण गर्न नहुने | कुनै खास किसिमको वस्तु वा सेवाको खरिद तथा बिक्रीको सम्बन्धमा प्रचलित कानून बमोजिम छुट्टै अनुमतिपत्र लिनु पर्ने वा कुनै शर्त वा कार्यविधि पूरा गर्नु पर्ने भएमा त्यस्तो अनुमतिपत्र प्राप्त नगरेको वा त्यस्तो शर्त वा कार्यविधि पूरा नगरेको अवस्थामा त्यस्तो वस्तु वा सेवा बिक्री वा कारोबार रोक्न। |
| १४ | मध्यस्थ व्यवसायीको दायित्व | विद्युतीय व्यापारको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्युतीय प्लेटफर्म खडा गरी क्रेता र बिक्रेता बीचमा विद्युतीय यापार गर्ने मध्यस्थ व्यवसायीलाई जिम्मेवार बनाउन। |
| १५ | सूचीमा आधारित विद्युतीय व्यापार गर्ने व्यवसायीको दायित्व | विद्युतीय व्यापारको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आफ्ना वस्तु तथा सेवालाई आफैंले विद्युतीय प्लेटफर्म खडा गरी विद्युतीय व्यापार गर्ने व्यवसायीको जिम्मेवारी तोक्न। |
| १६ | बिक्रेताको दायित्व | विद्युतीय व्यापारको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन बिक्रेतालाई जिम्मेवार बनाउनका लागि विक्रेताका दायित्वको व्यवस्था गर्न। |
| १७ | क्रेताको दायित्व | विद्युतीय व्यापारको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवसायी, मध्यस्थ व्यवसायी, सूचीमा आधारित विद्युतीय व्यापार गर्ने व्यवसायीका अतिरिक्त क्रेता समेत जिम्मेवार बन्नुपर्ने हुनाले क्रेताका दायित्व स्पष्ट गर्न। |
| १८ | ढुवानी सम्बन्धी दायित्व | विद्युतीय व्यापारको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाई व्यवसायीलाई जिम्मेवार बनाउन ढुवानी सम्बन्धी दायित्वको प्रावधान आवश्यक भएको। |
| १९ | अनुचित व्यापारिक वा व्यवसायजन्य क्रियाकलाप गर्न नहुनेः | विद्युतीय व्यापारमा संलग्न बिक्रेता, व्यवसायी वा अन्य पक्षलाई गैर कानूनी वा अनुचित व्यापार गर्न बाट रोक लगाउन। |
| २० | दायित्वबाट उन्मुक्ति नपाउनेः | विद्युतीय व्यापारलाई विश्वसनीय बनाउन व्यवसायीले आफ्नो विद्युतीय प्लेटफर्म मार्फत् उपलब्ध गराएकोवा बिक्री गरेको कुनै वस्तु वा सेवाको सम्बन्धमा कुनै उजुरी प्राप्त भएमा वा कुनै गुनासो आएमा बिक्री गरिएको वस्तु वा सेवा आफूले |

| | | |
|---|---|---|
| | | उत्पादन वा पैठारी नगरेको वा उपलब्ध नगराएको भन्ने आधारमा व्यवसायीलाई आफ्नो दायित्वबाट पन्छिन नदिन दायित्व पुरा गर्न बाध्यकारी व्यवस्था गर्न। |
| २१ | कसूर गरेको मानिनेः | यस ऐनको विभिन्न दफामा उल्लेख भए बमोजिम बहन गर्नुपर्ने दायित्व पुरा नगरेको वा नगर्नु पर्ने कार्य गरेमा त्यस्ता कार्यलाई कसुर ठहराई कानूनी दायरामा ल्याउन। |
| २२ | जरिबाना गरिने | विद्युतीय व्यापार संचालन गर्दा यस ऐनको दफा २१ को खण्ड (क), (ख) वा (ग) बमोजिमको कसुर गरेमा तत्काल नियमन गरी सेवालई सुचारु/सञ्चालन गराउन जरिबाना मात्र गर्नुपर्ने व्यवस्था राख्नु पर्ने भएको । |
| २३ | सजाय | विद्युतीय व्यापार संचालन गर्दा यस ऐनको दफा २१ को खण्ड (घ) बमोजिमको कसुर गरेमा गम्भिर हुने सजायको व्यवस्था गरी दण्डहिनता हुन नदिने व्यवस्था गर्न। |
| २४ | मुद्दाको अनुसन्धान र दायरी | कसुरको र अनुसन्धान पश्चात मुद्दाको दर्ता प्रक्रिया स्पष्ट पार्न। |
| २५ | नेपाल सरकार वादी हुने | दफा २३ बमोजिम सजाय हुने कसुरको मुद्दामा नेपाल सरकार वादी हुने प्रावधान राख्न। |
| २६ | संक्षिप्त कार्यविधि अपनाउनु पर्ने | दफा २४ अन्तरगत दायर भएको मुद्दाको कारवाही र किनारा गर्दा छोटो वा संक्षिप्त कार्यविधि अपनाउनु पर्ने देखिंदा यो प्रावधान राखिएको। |
| २७ | विद्युतीय व्यापारको अनुगमन तथा निरीक्षण | विद्युतीय व्यापारको प्रभावकारी संचालन गर्न, विद्युतीय व्यापार ऐनको कार्यान्वयन गर्न र आवश्यक नियमन गर्न। |
| २८ | उजुरी दिन सक्ने | यो ऐन बिपरितको काम कारवाही उजुरी दिने निकाय तथा प्रक्रिया स्पष्ट गर्न। |
| २९ | समन्वय गर्नु पर्ने | नियामक निकायबिच नियमन गर्दा समन्वयमा गर्न सक्ने व्यवस्था स्पष्ट गर्न। |
| ३० | मापदण्ड पालना गर्नु पर्ने | नियमन गर्ने नेपाल सरकारको सरोकारवाला निकायले निर्धारण गरेका मापदण्डको समेत पालना गराउन आवश्यक भएकोले। |

| | | |
|---|---|---|
| ३१ | उपभोक्ता संरक्षण ऐन बमोजिम हुने | यो ऐनमा भएका कतिपय प्रावधानहरु प्रचलित उपभोक्ता हित संरक्षण ऐनमा नै स्पष्ट भएका सो विशेष ऐनका प्रावधान लागू हुने प्रावधान राख्न आवश्यक भएको। |
| ३२ | निर्देशन दिन सक्ने | नियामक निकाय विभागले व्यवसायीलाई आवश्यक निर्देशन दिनुपर्ने र दिनसक्ने हुनाले यस सँग सम्बन्धित प्रावधान राख्न आवश्यक भएको। |
| ३३ | गुनासो व्यवस्थापन | ऐनको कार्यान्वयनको क्रममा सरोकारवाला जोसुकैबाट कुनै विषयमा चित्त नबुझेमा गुनासो गर्ने, सुन्ने निकाय तोक्ने र सो गुनासो सम्बोधनको प्रक्रिया र अवधि तोक्न। |
| ३४ | व्यवसायी आफैंले गरेको मानिने | व्यवसायीको तर्फबाट निजको कर्मचारी, कामदार वा प्रतिनिधिले विद्युतीय व्यापार गरेकोमा त्यस्तो व्यापारमा व्यवसायीलाई नै जिम्मेवार बनाउन। |
| ३५ | छुट, सुविधा वा सहुलियत दिन सक्ने | विद्युतीय प्लेटफर्म मार्फत् कारोबार गर्ने लघु, घरेलु तथा साना उद्योगलाई नेपाल सरकारले प्रोत्साहन गर्न तथा विद्युतीय माध्यमलाई प्रवर्द्धन गर्न। |
| ३६ | प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने | यस ऐन बमोजिम कसूर ठहरिने काम अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन। |
| ३७ | निर्देशिका बनाउन सक्ने | ऐन कार्यान्वयनको क्रममा तत्काल कुनै विषयमा आवश्यक मार्गदर्शन गर्न प्रत्यायोजित व्यवस्थापन अन्तरगत मन्त्रालयले आवश्यक निर्देशिका बनाउन। |

# विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वसनीय बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम, प्रारम्भ र विस्तार : (१) यस ऐनको नाम "विद्युतीय व्यापार ऐन, २०८०" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

(३) यो ऐन नेपालभर लागू हुनेछ र विद्युतीय व्यापारको माध्यमबाट नेपालमा वस्तु वा सेवा उपलब्ध गराउने नेपाल बाहिर जहाँसुकै रहे बसेको व्यक्तिको हकमा समेत लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिम कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति सम्झनु पर्छ।

(ख) "करार" भन्नाले दफा ७ बमोजिमको करार सम्झनु पर्छ।

(ग) "क्रेता" भन्नाले यस ऐन बमोजिम कुनै वस्तु वा सेवा खरिद गर्ने कुनै व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको प्रतिनिधिलाई समेत जनाउँछ।

(घ) "ढुवानीकर्ता" भन्नाले व्यवसायीले वस्तुको ढुवानी गर्ने प्रयोजनको लागि काममा लगाएको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(ङ) "निरीक्षण अधिकृत" भन्नाले उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित संघीय कानून बमोजिम नियुक्त भएको वा तोकिएको निरीक्षण अधिकृत सम्झनु पर्छ।

(च) "बिक्रेता" भन्नाले यस ऐन बमोजिम मध्यस्थ व्यवसायीलाई वस्तु वा सेवा बिक्रीको लागि उपलब्ध गराउने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(छ) "मध्यस्थ (इन्टरमेडियरी) व्यवसायी" भन्नाले विद्युतीय प्लेटफर्मको माध्यमबाट वस्तु तथा सेवाको कारोबार गर्न विद्युतीय सूचना आदान प्रदान

गरी क्रेता र बिक्रेताबीच सहजीकरण गर्ने स्वदेशी वा विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(झ) "महानिर्देशक" भन्नाले नेपाल सरकारको वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको महानिर्देशक सम्झनु पर्छ।

(ञ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरूको सम्मिश्रणबाट स्वास्थ्यलाई हानि, नोक्सानी वा कुनै किसिमको नकरात्मक प्रभाव नगर्ने गरी बनेको पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(ट) "विद्युतीय प्लेटफर्म" भन्नाले कम्प्युटर, मोबाइल वा यस्तै प्रकृतिका विद्युतीय उपकरणको प्रयोग गरी वेबसाइट, एप्लिकेसन, सफ्टवेयर, इन्टरनेट, इन्ट्रानेट लगायतका माध्यमबाट सूचना सङ्कलन, सम्प्रेषण वा सङ्ग्रह गरी वस्तु वा सेवाको कारोबार गर्ने प्रयोजनको लागि बनाइएको प्रणाली सम्झनु पर्छ।

(ठ) "विद्युतीय व्यापार (इ-कमर्श)" भन्नाले विद्युतीय प्लेटफर्म मार्फत् कुनै वस्तु वा सेवाको खरिद वा बिक्री गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ड) "विभाग" भन्नाले नेपाल सरकारको वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग सम्झनु पर्छ।

(ढ) "व्यवसायी" भन्नाले मध्यस्थ व्यवसायी वा सूचीमा आधारित विद्युतीय व्यापार गर्ने व्यवसायी सम्झनु पर्छ।

(ण) "सूचीमा आधारित विद्युतीय व्यापार गर्ने व्यवसायी" भन्नाले आफ्नो स्वामित्वमा रहेको वस्तु वा सेवाको सूची तयार गरी त्यस्तो सूचीमा रहेको वस्तु वा सेवा विद्युतीय प्लेटफर्मको माध्यमबाट प्रत्यक्ष रूपमा उपभोक्तालाई बिक्री गर्ने स्वदेशी वा विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(त) "सेवा" भन्नाले विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, ढुवानी, पर्यटन, मनोरञ्जन, यातायात, ढल निकास, बैङ्किङ्ग, बीमा वा यस्तै प्रकृतिका अन्य सेवा सम्झनु पर्छ र सो शब्दले कानूनी, लेखापरीक्षण, चिकित्सा वा इञ्जिनियरिङ्ग सेवालाई समेत जनाउँछ।

## परिच्छेद-२

## विद्युतीय व्यापारको सञ्चालन

३. विद्युतीय व्यापार गर्न सक्नेः (१) प्रचलित कानून बमोजिम दर्ता भई वस्तु वा सेवाको व्यापार गर्न अनुमति प्राप्त गरेको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यस ऐनको अधीनमा रही विद्युतीय व्यापार गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनले वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विद्युतीय माध्यमबाट खरिद बिक्री गर्न रोक लगाइएको वस्तु वा सेवा त्यस्तो माध्यमबाट खरिद बिक्री गर्न सकिने छैन।

४. विद्युतीय प्लेटफर्म स्थापना गर्नु पर्नेः (१) विद्युतीय व्यापार सञ्चालन गर्ने प्रत्येक व्यवसायीले विद्युतीय प्लेटफर्म स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्लेटफर्ममा व्यवसायीले आफ्नो व्यापार वा व्यवसायको सम्बन्धमा क्रेताले चाहेको बखत सुसूचित निर्णय लिन सक्ने गरी कम्तीमा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) विद्युतीय प्लेटफर्मको नाम,

(ख) व्यवसायको नाम, ठेगाना, दर्ता भएको निकाय र दर्ता प्रमाणपत्र नम्बर,

(ग) व्यवसायीको रजिष्टर्ड कार्यालय, प्रधान कार्यालय र कारोबार हुने शाखा तथा आउटलेट भए सो समेतको विवरण,

(घ) कुनै खास किसिमको व्यवसाय सञ्चालन गर्न छुट्टै अनुमतिपत्र प्राप्त गरेको भए सोको विवरण,

(ङ) मध्यस्थ वा सूचीमा आधारित विद्युतीय व्यापारमध्ये कुन व्यवसाय गर्ने हो सोको विवरण,

(च) मूल्य अभिवृद्धि कर दर्ता नम्बर वा स्थायी लेखा नम्बर,

(छ) व्यवसायीलाई सम्पर्क गर्ने इमेल, टेलिफोन, मोबाइल नम्बर, टेलिफ्याक्स र ग्राहक सेवाको लागि निर्धारित इमेल, टेलिफोन तथा मोबाइल नम्बर,

(ज) गुनासो सुनुवाई गर्ने जिम्मेवार व्यक्ति वा एकाइको इमेल, टेलिफोन वा मोबाइल नम्बर र ठेगाना, र

(झ) दफा ५ बमोजिम विद्युतीय व्यापार पोर्टलमा सूचीकृत भएपछि प्राप्त भएको सूचीकरण नम्बर।

(३) उपदफा (२) बमोजिमको विवरणमा कुनै परिवर्तन भएमा व्यवसायीले त्यस्तो परिवर्तन भएको समयले चौबीस घण्टाभित्र आफ्नो विद्युतीय प्लेटफर्ममा विवरण अद्यावधिक गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको विवरण पूर्ण, स्पष्ट र सहज रुपमा उपभोक्तालाई उपलब्ध हुन सक्ने गरी उल्लेख गर्नु पर्नेछ।

५. सूचीकरण गर्नु पर्नेः (१) दफा ४ बमोजिम व्यवसायीले विद्युतीय प्लेटफर्म स्थापना गरेपछि विभागले स्थापना गरेको विद्युतीय व्यापार पोर्टलमा देहायका विवरण सहित सूचीकरण हुनको लागि विद्युतीय माध्यमबाट निवेदन दिनु पर्नेछः-

(क) व्यवसायको नाम, ठेगाना, दर्ता भएको निकाय र दर्ता प्रमाणपत्र नम्बर,

(ख) प्राइभेट फर्ममा दर्ता भएको व्यवसायीको हकमा सम्बन्धित प्रोप्राइटरको, साझेदारी फर्ममा दर्ता भएको व्यवसायीको हकमा साझेदारको र कम्पनी वा संस्थाको हकमा कम्पनी वा संस्थाको सञ्चालकको नाम र निजको पहिचान खुल्ने विवरण,

(ग) व्यवसायीको आफ्नो व्यवसायको स्पष्ट विवरण,

(घ) मूल्य अभिवृद्धि कर दर्ता नम्बर वा स्थायी लेखा नम्बर,

(ङ) व्यवसायीको टेलिफोन नम्बर, इमेल र सम्पर्क ठेगाना,

(च) शाखा वा आउटलेट भएको खण्डमा सोको सङ्ख्या र रहने स्थान, र

(छ) विद्युतीय पोर्टलमा उल्लेख भएका अन्य विवरण।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत विद्युतीय व्यापार सञ्चालन गरिरहेको व्यवसायीले यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र उपदफा (१) बमोजिम विद्युतीय पोर्टलमा सूचीकरणको लागि निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विद्युतीय पोर्टलमा सूचीकरणको लागि निवेदन प्राप्त भएको मितिले सात दिनभित्र त्यस्तो प्लेटफर्म सूचीकरण भएको नम्बर सहितको जानकारी विभागले विद्युतीय माध्यमबाट सम्बन्धित व्यवसायीलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचीकरण भएपछि सूचीकृत व्यवसायीले आफ्नो कुनै शाखा वा आउटलेट थपघट गरेमा त्यसरी थपघट भएको मितिले सात दिनभित्र विद्युतीय पोर्टलमा विवरण अद्यावधिक गर्नु पर्नेछ।

६. विवरण खुलाउनु पर्नेः व्यवसायीले विद्युतीय प्लेटफर्ममा विद्युतीय व्यापार गर्ने वस्तु वा सेवाको सम्बन्धमा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) विद्युतीय व्यापारको लागि उपलब्ध हुने वस्तु वा सेवाको नाम, प्रकृति, डिजाइन, ट्रेडमार्क, आकृति वा चित्र वा सोको समिश्रण, तौल वा अन्तर्निहित तत्त्व लगायतका विवरण,

(ख) वस्तु वा सेवाको कर सहितको अन्तिम बिक्री मूल्य,

(ग) वस्तु ढुवानी वा हस्तान्तरण गर्दा थप शुल्क लाग्ने भए सोको विवरण,

(घ) वस्तु वा सेवा प्रयोग गर्दा पूर्व सावधानी अपनाउनु पर्ने भए सोको जानकारी,

(ङ) वस्तु वा सेवा हस्तान्तरण गर्न लाग्ने समय र मिति,

(च) वस्तु वा सेवाको मूल्य भुक्तानी गर्ने माध्यम वा विधि,

(छ) वस्तु वा सेवाको वारेण्टी वा ग्यारेण्टी भए सोको अवधि र शर्त,

(ज) वस्तु उत्पादन वा सेवा प्रवाह गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था,

(झ) पैठारी गरिएको कुनै वस्तु वा सेवा भए त्यस्तो वस्तु वा सेवा उत्पादन वा प्रशोधन गर्ने मुलुक,

(ञ) वस्तु वा सेवाको खरिद बिक्री पश्चात् पालना गर्नु पर्ने कुनै शर्त भए सोको विवरण,

(ट) खरिद गरेको कुनै वस्तु वा सेवा फिर्ता हुने वा नहुने, फिर्ता नहुने भए सोको शर्त र अवधि,

(ठ) सेवा बिक्री भए सेवा प्राप्त गर्ने स्थान र सेवा बिक्रीको शर्त,

(ड) कुनै क्रेताले कुनै वस्तु वा सेवा माग गरेकोमा त्यस्तो वस्तु चलान (डिस्प्याच) हुनु वा सेवा प्रारम्भ हुनुअघि नै त्यस्तो माग रद्द गर्न सकिने वा नसकिने सम्बन्धी विवरण,

(ढ) वस्तुमा उत्पादन मिति, उपभोग गरिसक्नु पर्ने मिति र अन्य आवश्यक शर्त,

(ण) सर्वसाधारणले बुझ्ने भाषामा करारका मुख्य-मुख्य शर्त, र

(त) ग्राहक समीक्षा (रिभ्यु), मूल्याङ्कन (रेटिङ्ग), गुनासो तथा प्रतिक्रिया (फिडव्याक)।

७. <u>करार भएको मानिने:</u> (१) यस ऐन बमोजिम कुनै वस्तु वा सेवाको कारोबारको सम्बन्धमा क्रेता र व्यवसायीबीच विद्युतीय माध्यमबाट करार भएकोमा प्रचलित कानून

बमोजिम करार भएको मानिनेछ र त्यस्तो करार बमोजिम कुनै दायित्व सिर्जना भएकोमा करारका पक्षले त्यस्तो दायित्व बहन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करार गर्दा व्यवसायीले करार सम्बन्धी प्रचलित कानूनमा उल्लिखित व्यवस्थाको अतिरिक्त त्यस्तो करारमा वस्तु वा सेवा क्रेतालाई उपलब्ध गराउने, रद्द गर्ने, फिर्ता गर्ने, सट्टापट्टा गर्ने, वारेण्टी तथा ग्यारेण्टी, रकम फिर्ता गर्ने (रिफण्ड) लगायतका आवश्यक सूचना, शर्त तथा प्रावधान खुलाउनु पर्नेछ।

८. <u>विद्युतीय व्यापारको भुक्तानी:</u> (१) यस ऐन बमोजिम विद्युतीय व्यापार गर्दा वस्तु वा सेवाको निर्धारित मूल्य त्यस्तो वस्तु वा सेवा खरिद वा हस्तान्तरण हुनुअघि, पछि वा खरिद वा हस्तान्तरण हुँदाका बखत क्रेताले व्यवसायीलाई भुक्तानी गर्ने व्यवस्था गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम रकम भुक्तानी गर्दा प्रचलित भुक्तानी तथा फर्स्यौट सम्बन्धी संघीय कानून बमोजिमका भुक्तानीका उपकरण प्रयोग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम रकम भुक्तानी भएकोमा सोको भरपाई क्रेतालाई तुरुन्त उपलब्ध गराई सोको अभिलेख राख्नु पर्नेछ। यसरी रकम भुक्तानी भएकोमा रीतपूर्वक रकम भुक्तानी भएको मानिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी मुद्रामा कुनै वस्तु वा सेवा खरिद वा बिक्री गर्दा प्रचलित संघीय कानूनको अधीनमा रही गर्नु पर्नेछ।

९. <u>वस्तु वा सेवाको हस्तान्तरण:</u> (१) व्यवसायीले क्रेतासँग भएको करार बमोजिम निर्धारित स्थानमा र करारमा उल्लेख भए बमोजिमको कुनै खास दिन, समय वा अवधिभित्र माग भएको वस्तु वा सेवा व्यवसायीले क्रेता वा निजको प्रतिनिधिलाई हस्तान्तरण गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वस्तु वा सेवा हस्तान्तरण गर्दा क्रेता वा निजको प्रतिनिधि भौतिक रूपमा उपस्थित भई व्यवसायीको कुनै बिक्री केन्द्रबाट लिन चाहेमा निजलाई सोही केन्द्रबाट उक्त वस्तु वा सेवा हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम वस्तु वा सेवा हस्तान्तरण भएमा वस्तु वा सेवा रीतपूर्वक हस्तान्तरण भएको मानिनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्रेताले माग गरेको वस्तु चलान हुनुअघि नै क्रेता वा व्यवसायीले वस्तु हस्तान्तरण हुने स्थान, व्यक्ति, अवधि वा समय परिवर्तन गर्न चाहेमा र सो विषयमा दुवै पक्ष सहमत भएमा व्यवसायीले परिवर्तित स्थान, व्यक्ति, अवधि वा समयमा हस्तान्तरण गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्थान वा अवधि परिवर्तन हुँदा सो बापतको शुल्क क्रेता र व्यवसायीको आपसी सहमतिमा थपघट गर्न सकिनेछ।

१०. <u>वस्तु वा सेवा फिर्ता गर्न सकिनेः</u> (१) कसैले यस ऐन बमोजिम खरिद गरेको कुनै वस्तु वा सेवा क्रेताले माग गरे बमोजिमको नभएमा निजले व्यवसायीलाई फिर्ता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम क्रेताले वस्तु वा सेवा फिर्ता गरेमा व्यवसायीले त्यस्तो वस्तु वा सेवा बिना कुनै शर्त फिर्ता लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम वस्तु वा सेवा फिर्ता भएकोमा क्रेताले चाहेमा व्यवसायीले त्यस्तो वस्तु वा सेवाको सट्टा सोही मूल्य बराबरको अर्को वस्तु वा सेवा उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम वस्तु वा सेवा फिर्ता भएको र उपदफा (३) बमोजिम क्रेताले फिर्ता भएको वस्तु वा सेवाको सट्टा अर्को वस्तु वा सेवा लिन अस्वीकार गरेमा त्यसरी फिर्ता भएको वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको कर सहितको रकम व्यवसायीले सम्बन्धित क्रेतालाई फिर्ता दिनु पर्नेछ।

(५) वस्तु वा सेवा फिर्ता सम्बन्धी अन्य व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

११. <u>आयात तथा निर्यात गर्न सकिनेः</u> (१) प्रचलित संघीय कानूनको अधीनमा रही कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले विद्युतीय व्यापार गर्ने विदेशस्थित कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट कुनै वस्तु वा सेवा खरिद गरी आयात गर्न सक्नेछ।

(२) व्यवसायीले नेपालभित्र सञ्चालित विद्युतीय प्लेटफर्मको माध्यमद्वारा कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई वस्तु वा सेवा बिक्री गरेमा प्रचलित संघीय कानूनको अधीनमा रही अग्रिम भुक्तानी पश्चात् त्यस्तो वस्तु वा सेवा निर्यात गर्न सक्नेछ।

१२. <u>व्यक्तिगत सूचना गोप्य राख्नु पर्नेः</u> (१) व्यवसायीले विद्युतीय व्यापारसँग सम्बन्धित कुनै पनि व्यक्तिको वैयक्तिक सूचना वा पहिचान जनाउने वैयक्तिक विवरणको गोप्यता कायम राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गोप्य राख्नु पर्ने विवरण प्रचलित कानून बमोजिम बाहेक कसैलाई दिन वा आफूले प्रयोग गर्न हुँदैन।

तर करार बमोजिमको वस्तु वा सेवाको खरिद-बिक्री कार्यमा संलग्न हुने क्रेता, व्यवसायी वा ढुवानीकर्ताबीच कारोबारसँग सम्बन्धित सूचना आदान प्रदान गर्न बाधा पर्ने छैन।

(३) क्रेताले प्लेटफर्ममा प्रवेश गरी आफ्नो व्यक्तिगत विवरण प्रविष्ट गर्न, संशोधन गर्न तथा निजको पहिचान जनिने स्रोत बन्द गर्न सक्ने सुविधाबाट व्यवसायीले कुनै प्रयोगकर्तालाई बञ्चित गर्न हुँदैन।

(४) उपदफा (२) को प्रतिकूल हुने गरी कसैले कुनै काम गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

१३. बिक्री-वितरण गर्न नहुने: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास किसिमको वस्तु वा सेवाको खरिद तथा बिक्रीको सम्बन्धमा प्रचलित कानून बमोजिम छुट्टै अनुमतिपत्र लिनु पर्ने वा कुनै शर्त वा कार्यविधि पूरा गर्नु पर्ने भएमा त्यस्तो अनुमतिपत्र प्राप्त नगरेको वा त्यस्तो शर्त वा कार्यविधि पूरा नगरेको अवस्थामा त्यस्तो वस्तु वा सेवा बिक्री वा कारोबार गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त नगरी वा शर्त वा कार्यविधि पूरा नगरी वस्तु वा सेवा बिक्री गरेमा प्रचलित संघीय कानून बमोजिम कारबाही हुनेछ।

## परिच्छेद-३

## विद्युतीय व्यापारसँग सम्बद्ध पक्षको दायित्व

१४. मध्यस्थ व्यवसायीको दायित्व: प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लेख भएका दायित्वका अतिरिक्त मध्यस्थ व्यवसायीको दायित्व देहाय बमोजिम हुनेछ:-

(क) दफा ६ बमोजिम विद्युतीय प्लेटफर्ममा बिक्रीको लागि उपलब्ध गराएको वस्तु वा सेवा सम्बन्धी विवरण यथार्थ र स्पष्ट रूपमा क्रेताले प्राप्त गर्न सक्ने गरी उल्लेख गर्ने र त्यस्तो प्लेटफर्ममा उल्लेख गरिएका वस्तु वा सेवाको मात्र व्यापार गर्ने,

(ख) खरिद तथा बिक्री भएको वस्तु वा सेवाको कारोबारको अभिलेख वस्तु वा सेवाको प्रकृतिको आधारमा बढीमा छ वर्षसम्म सुरक्षित राख्ने,

(ग) बिक्री भएको वस्तु वा सेवाको वारेण्टी वा ग्यारेण्टी भएमा उल्लिखित अवधिसम्म त्यस्तो वारेण्टी वा ग्यारेण्टीका शर्त पालना गर्ने,

(घ) विद्युतीय प्लेटफर्ममा अलग अलग बिक्रेताबाट बिक्रीको लागि उपलब्ध गराइएका एउटै वर्गका वस्तु वा सेवा बीच भेदभाव गर्न

वा कुनै विशेष बिक्रेतालाई वस्तु वा सेवाको बिक्रीको लागि ग्राह्यता दिन नहुने,

तर समान प्रकृतिका बिक्रेताहरू वा वस्तु वा सेवाहरू बीच कुनै बिक्रेता वा वस्तु वा सेवालाई विशेष व्यवहार गर्ने वा सुविधा प्रदान गरेको भए सो सम्बन्धमा क्रेताले स्पष्ट रूपमा जानकारी प्राप्त गर्न सक्ने गरी आफ्नो प्लेटफर्ममा उल्लेख गर्नु पर्नेछ।

(ङ) विद्युतीय प्लेटफर्म मार्फत् वस्तु वा सेवा बिक्रीको लागि राख्नुभन्दा अघि त्यस्तो वस्तु वा सेवा बिक्रीको लागि उपलब्ध गराउने बिक्रेतासँग सम्झौता गर्नु पर्ने,

(च) आफूले उपलब्ध गराएको वा सहजीकरण गरेको कुनै वस्तु वा सेवा करारको शर्त बमोजिम नभई क्रेताले प्रचलित कानून बमोजिम फिर्ता गरेमा त्यस्तो वस्तु वा सेवा फिर्ता लिने, सट्टापट्टा गर्ने वा रकम फिर्ता गर्ने।

१५. <u>सूचीमा आधारित विद्युतीय व्यापार गर्ने व्यवसायीको दायित्व</u>: प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लेख भएका दायित्वका अतिरिक्त सूचीमा आधारित विद्युतीय व्यापार गर्ने व्यवसायीको दायित्व देहाय बमोजिम हुनेछ:-

(क) दफा ६ बमोजिमका विवरण क्रेताले स्पष्ट र पहुँचयोग्य रूपमा प्राप्त गर्न सक्ने गरी आफ्नो प्लेटफर्ममा उल्लेख गर्ने,

(ख) प्रचलित कानून बमोजिम राख्नु पर्ने सूचना तथा जानकारी आफ्नो प्लेटफर्ममा उल्लेख गर्ने,

(ग) प्लेटफर्ममा बिक्रीको लागि राखिएको वस्तु वा सेवाको आफैं छद्‌म उपभोक्ता भई प्रस्तुत गर्न वा त्यस्तो वस्तु वा सेवाको गुणस्तर तथा विशेषताको सम्बन्धमा समीक्षा वा मूल्याङ्कन गर्न तथा प्रतिक्रिया प्रविष्ट गर्न नहुने,

(घ) बिक्रीको लागि राखिएको वस्तु वा सेवाको विज्ञापन गर्दा त्यस्तो वस्तु वा सेवाको वास्तविक विशेषता, त्यसको प्रयोग विधि तथा अन्य विवरणहरू क्रेता वा उपभोक्तालाई झुक्याउने गरी प्रस्तुत गर्न नहुने,

(ङ) खरिद तथा बिक्री भएको वस्तु वा सेवाको कारोबारको अभिलेख कारोवारको प्रकृतिको आधारमा निश्चित अवधिसम्म सुरक्षित राख्ने,

(च) बिक्री भएको वस्तु वा सेवाको वारेण्टी वा ग्यारेण्टी भएमा उल्लिखित अवधिसम्म त्यस्तो वारेण्टी वा ग्यारेण्टीका शर्त पालना गर्ने,

(छ) बिक्री गराएको वस्तु वा सेवा प्रदर्शनीमा राखिए बमोजिम वा आपसी मञ्जुरी बमोजिम नभएको वा पूर्व निर्धारित समयभन्दा ढिलो गरी त्यस्तो वस्तु वा सेवाको हस्तान्तरण भएको वा त्यस्तो वस्तु वा सेवा त्रुटिपूर्ण भएमा बिक्री भएको वा हुने मञ्जुरी गरेको त्यस्तो वस्तु वा सेवा फिर्ता लिन, रद्द वा बन्द गर्न तथा त्यस्तो वस्तु वा सेवा बापत गरेको भुक्तानी सम्बन्धित क्रेतालाई फिर्ता गर्न अस्वीकार गर्न नहुने,

तर काबु बाहिरको परिस्थितिको कारणले वस्तु वा सेवाको हस्तान्तरण ढिला भएको हकमा यो व्यवस्था लागू हुने छैन।

(ज) बिक्री गरेको कुनै वस्तु वा सेवाको आधिकारिकताको सम्बन्धमा घोषित वा अघोषित रूपमा कुनै प्रतिबद्धता जनाएकोमा सो सम्बन्धमा कुनै प्रश्न उठी कुनै दायित्व व्यहोर्नु पर्ने भएमा त्यस्तो दायित्व व्यहोर्नु पर्ने।

१६. <u>बिक्रेताको दायित्व</u>ः प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लेख भएका दायित्वका अतिरिक्त बिक्रेताको दायित्व देहाय बमोजिम हुनेछः-

(क) विद्युतीय प्लेटफर्मको माध्यमबाट वस्तु वा सेवाको बिक्रीको लागि मध्यस्थ व्यवसायीलाई त्यस्तो वस्तु वा सेवा उपलब्ध गराउनुअघि त्यस्तो व्यवसायीसँग लिखित रूपमा करार गर्नु पर्ने,

(ख) प्रचलित कानून बमोजिम व्यवसाय दर्ता भएको प्रमाण, कागजात, निजको नाम थर, ठेगाना, उपभोक्ताको गुनासो सङ्कलन तथा त्यसको सम्बोधन गर्ने संयन्त्र, वस्तु वा सेवा सट्टापट्टा वा फिर्ता वा रकम फिर्ता सम्बन्धी विवरण, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको विवरण मध्यस्थ व्यवसायीलाई उपलब्ध गराउनु पर्ने,

(ग) विद्युतीय प्लेटफर्मको माध्यमबाट बिक्री गर्ने प्रत्येक वस्तु वा सेवाको सम्बन्धमा दफा ६ बमोजिमका विवरण मध्यस्थ व्यवसायीलाई उपलब्ध गराउनु पर्ने,

(घ) विद्युतीय प्लेटफर्मको माध्यमबाट वस्तु वा सेवाको बिक्रीको लागि मध्यस्थ व्यवसायीलाई त्यस्तो वस्तु वा सेवा उपलब्ध गराउँदा वा

अन्य कुनै अवस्थामा कुनै किसिमको अनुचित व्यापारिक कारोबारमा संलग्न हुन नहुने,

(ङ) बिक्रेता आफैंले मध्यस्थ व्यवसायीलाई बिक्रीको लागि उपलब्ध गराएको वस्तु वा सेवाको छद्म उपभोक्ता भई आफूलाई प्रस्तुत गर्न वा त्यस्तो वस्तु वा सेवाको गुणस्तरको सम्बन्धमा समीक्षा वा मूल्याङ्कन गर्न तथा प्रतिक्रिया प्रविष्ट गर्न नहुने,

(च) बिक्रेताले मध्यस्थ व्यवसायीको माध्यमबाट बिक्रीको लागि उपलब्ध गराएको वस्तु वा सेवा प्रदर्शनीमा राखिए बमोजिम वा आपसी मञ्जुरी बमोजिम नभएको वा पूर्व निर्धारित समयभन्दा ढिला गरी त्यस्तो वस्तु वा सेवाको हस्तान्तण भएको वा त्यस्तो वस्तु वा सेवा त्रुटिपूर्ण भएमा बिक्री भएको वा हुने मञ्जुरी गरेको त्यस्तो वस्तु वा सेवा फिर्ता लिन, रद्द वा बन्द गर्न तथा त्यस्तो वस्तु वा सेवा बापत गरेको भुक्तानी सम्बन्धित क्रेतालाई फिर्ता गर्न अस्वीकार गर्न नहुने।

तर काबु बाहिरको परिस्थिति परी वस्तु वा सेवाको हस्तान्तरणमा ढिला भएको हकमा यो खण्डको व्यवस्था लागू हुने छैन।

१७. क्रेताको दायित्व: (१) क्रेताले यस ऐन बमोजिम विद्युतीय माध्यमबाट वस्तु वा सेवाको खरिद गर्दा क्रेता र व्यवसायीबीच भएको करार बमोजिमको दायित्व बहन गर्नु पर्नेछ।

(२) क्रेताले यस ऐन बमोजिम विद्युतीय व्यापार गर्दा कसैलाई दुःख दिने मनसायले कुनै पनि कार्य गर्नु वा गराउनु हुँदैन।

(३) क्रेताले यस ऐन बमोजिम विद्युतीय माध्यमबाट खरिद गरेको वस्तु वा सेवा खरिद गर्दाका बखत गरिएको करार बमोजिम प्राप्त भए वा नभएको विषयमा जाँची, हेरी यकिन गर्नु पर्नेछ र कुनै गुनासो भएमा यथाशीघ्र विद्युतीय माध्यमबाट समेत गुनासो गर्नु पर्नेछ।

१८. ढुवानी सम्बन्धी दायित्व: (१) क्रेताले माग गरेको कुनै वस्तु वा सेवा निजले तोकेको स्थान, समय र व्यक्तिलाई हस्तान्तरण गर्ने गरी करार भएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो करार बमोजिम ढुवानी गर्ने वा सेवा उपलब्ध गराउने दायित्व व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम वस्तुको ढुवानी वा सेवाको हस्तान्तरण गर्न व्यवसायीले कुनै ढुवानीकर्तासँग छुट्टै करार गर्न सक्नेछ।

(३) उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित कानूनमा उल्लिखित ढुवानीकर्ताको दायित्व यस ऐन बमोजिमको ढुवानीकर्ताको हकमा समेत समान रूपमा लागू हुनेछ।

१९. अनुचित व्यापारिक वा व्यवसायजन्य क्रियाकलाप गर्न नहुनेः (१) यस ऐन बमोजिम विद्युतीय व्यापार गर्दा बिक्रेता, व्यवसायी वा अन्य पक्षले प्रचलित कानून बमोजिम अनुचित व्यापारिक वा व्यवसायजन्य क्रियाकलाप मानिने कुनै कार्य गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिम कुनै कार्य गरे वा गराएमा निजलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२०. दायित्वबाट उन्मुक्ति नपाउनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसायीले आफ्नो विद्युतीय प्लेटफर्म मार्फत् उपलब्ध गराएको वा बिक्री गरेको कुनै वस्तु वा सेवाको सम्बन्धमा दफा २८ बमोजिम कुनै उजुरी प्राप्त भएमा वा दफा ३३ बमोजिम कुनै गुनासो आएमा बिक्री गरिएको वस्तु वा सेवा आफूले उत्पादन वा पैठारी नगरेको वा उपलब्ध नगराएको भन्ने आधारमा मात्र त्यस्तो उजुरी वा गुनासो सम्बोधन गर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

## परिच्छेद-४
## कसूर तथा सजाय

२१. कसूर गरेको मानिनेः कसैले देहायको काम कारबाही गरे वा गराएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) दफा ४ बमोजिम विद्युतीय प्लेटफर्म स्थापना नगरी विद्युतीय व्यापार गरेमा,

(ख) दफा ५ बमोजिम सूचीकरण नगरी व्यवसाय सञ्चालन गरेमा,

(ग) दफा ६ बमोजिम वस्तु वा सेवा सम्बन्धी विवरण नखुलाई विद्युतीय व्यापार गरेमा,

(घ) दफा १४, १५, १६ वा १८ बमोजिम दायित्व पूरा नगरेमा वा दायित्व उल्लङ्घन हुने कुनै काम गरेमा।

२२. जरिबाना गरिनेः (१) दफा २१ को खण्ड (क), (ख) वा (ग) बमोजिमको कसूर गरेमा निरीक्षण अधिकृतले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले गरेको जरिबाना उपर चित्त नबुझ्ने सम्बन्धित पक्षले जरिबानाको आदेश प्राप्त गरेको मितिले सात दिनभित्र महानिर्देशक समक्ष पुनरावेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त पुनरावेदन तथा दफा २८ बमोजिम प्राप्त उजुरी उपर महानिर्देशकले पैंतीस दिनभित्र निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

२३. सजायः दफा २१ को खण्ड (घ) बमोजिमको कसूर गर्नेलाई दुई वर्षदेखि तीन वर्षसम्म कैद वा तीन लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२४. मुद्दाको अनुसन्धान र दायरीः (१) दफा २३ बमोजिम सजाय हुने कसूरको अनुसन्धान निरीक्षण अधिकृतले गर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले अनुसन्धानको काम पूरा भए पछि मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा निरीक्षण अधिकृतले प्रचलित कानून बमोजिमको सम्बन्धित उपभोक्ता अदालतमा र त्यस्तो अदालत गठन नभएकोमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ।

२५. नेपाल सरकार वादी हुनेः दफा २३ बमोजिम सजाय हुने कसूरको मुद्दामा नेपाल सरकार वादी हुनेछ।

२६. संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः दफा २४ अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा प्रचलित संघीय कानून बमोजिमको संक्षिप्त कार्यविधि अपनाउनु पर्नेछ।

## परिच्छेद-५

## विविध

२७. विद्युतीय व्यापारको अनुगमन तथा निरीक्षणः (१) विद्युतीय व्यापारको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य विभागले गर्नेछ।

(२) उपदफा (१) को अतिरिक्त कुनै वस्तु वा सेवाको प्रचलित कानून बमोजिम छुट्टै निकाय वा अधिकारीले अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था भएकोमा त्यस्तो वस्तु वा सेवाको अनुगमन तथा निरीक्षण सोही बमोजिम हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा विद्युतीय प्लेटफर्म वा सो सम्बन्धी व्यवस्थामा कुनै किसिमको कैफियत देखिएमा विभाग वा अनुगमन तथा निरीक्षण गर्ने निकाय वा अधिकारीले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

२८. <u>उजुरी दिन सक्ने</u>: (१) कसैले यस ऐन विपरीतको काम कारबाही गरेमा सो कुराको जानकारी पाउने जोसुकैले आफूसँग भएको जानकारी वा सबुत प्रमाण सहित महानिर्देशक वा निरीक्षण अधिकृत समक्ष उजुरी दिन सक्नेछ। त्यस्तो उजुरी विद्युतीय माध्यम मार्फत पनि दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम उजुरी दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुगमनको क्रममा कुनै व्यवसायी वा अरू कसैले यो ऐन विपरीतको कुनै कार्य गरेको देखिएमा वा सो सम्बन्धमा कसैको गुनासो प्राप्त भएमा अनुगमनको प्रतिवेदन वा गुनासोलाई समेत उजुरीको रुपमा लिनु पर्नेछ।

(४) उपदफा (१) वा (३) बमोजिम महानिर्देशक समक्ष प्राप्त उजुरी उपर थप अनुसन्धान गर्नु पर्ने देखिएमा निजले त्यस्तो उजुरी उपर यस ऐन बमोजिम कारबाही चलाउनको लागि सम्बन्धित निरीक्षण अधिकृत समक्ष पठाउनु पर्नेछ।

(५) उपदफा (१), (३) वा (४) बमोजिम प्राप्त उजुरी उपर निरीक्षण अधिकृतले यस ऐन बमोजिम अनुसन्धान गरी आफैंले जरिबाना गर्ने विषय भएमा जरिबाना गर्ने र मुद्दा चलाउने विषय भएमा अनुसन्धान गरी यस ऐन बमोजिम मुद्दा चलाउनको लागि कारबाही गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम प्राप्त उजुरीउपरको कारवाही अन्य कुनै निकायबाट गर्नुपर्ने देखिएमा यथाशिघ्र कारवाहीको लागि महानिर्देशक वा निरीक्षण अधिकृतले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम कारबाहीका लागि लेखी आएको विषयमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम कारवाही गरी सो को जानकारी विभागलाई दिनु पर्नेछ।

२९. <u>समन्वय गर्नु पर्ने</u>: विभागले विद्युतीय प्लेटफर्म वा सो सम्बन्धी व्यवस्थाको अनुगमन तथा निरीक्षण गर्दा प्रचलित कानून बमोजिम सूचना प्रविधि सम्बन्धी विषयको नियमन गर्ने नेपाल सरकारको निकायसँग समन्वय गरी गर्नु गर्नेछ।

३०. <u>मापदण्ड पालना गर्नु पर्ने</u>: सूचना प्रविधिको नियमन गर्ने नेपाल सरकारको निकायले विद्युतीय प्लेटफर्मको सुधार तथा स्तरोन्नतिको लागि प्रचलित कानून बमोजिम आवश्यक मापदण्ड निर्धारण गरी लागू गरेकोमा सम्बन्धित व्यवसायीले सो मापदण्डको पालना गर्नु पर्नेछ।

३१. <u>उपभोक्ता संरक्षण ऐन बमोजिम हुने</u>: यस ऐनमा उल्लेख भएकोमा बाहेक वस्तु वा सेवाको गुणस्तर, वस्तुमा लगाउनु पर्ने लेबल, बिक्री भएको वस्तु फिर्ता दिने प्रक्रिया र आधार, वस्तु वा सेवाको मूल्य निर्धारण, जाँचबुझ, निरीक्षण तथा अनुगमन प्रक्रिया, उपभोक्ता सम्बन्धी विवादको समाधान, क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारण गर्ने आधार तथा उपभोक्ताको हक, हित वा संरक्षण सम्बन्धी अन्य व्यवस्था उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ र त्यस्तो कानूनका व्यवस्थाहरु यस ऐन अन्तर्गत विद्युतीय व्यापार हुने वस्तु वा सेवाका सम्बन्धमा यस ऐनमा नै परे सरह आवश्यक हेरफेर सहित (मुटाटिस मुटाण्डिस) लागु हुनेछन्।

३२. <u>निर्देशन दिन सक्ने</u>: (१) यस ऐन बमोजिम विद्युतीय व्यापारको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन विभागले व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) कुनै वस्तु वा सेवाको नियमन प्रचलित कानून बमोजिम छुट्टै निकाय वा अधिकारीद्वारा हुने व्यवस्था भएकोमा त्यस्तो निकाय वा अधिकारीले समेत उपदफा (१) बमोजिमको निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

३३. <u>गुनासो व्यवस्थापन</u>: (१) क्रेता वा उपभोक्ताले कुनै व्यवसायीबाट कुनै वस्तु वा सेवा खरिद गरेको वा खरिद प्रक्रिया सुरु गरेकोमा सो उपर चित्त नबुझेमा विद्युतीय माध्यम मार्फत् वा लिखित सूचना दिई वा आफैं उपस्थित भई व्यवसायीले व्यवस्था गरेको गुनासो सुन्ने जिम्मेवार व्यक्ति समक्ष वा एकाइमा गुनासो गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा व्यवसायीले उक्त गुनासो दर्ता गरी सोको जानकारी विद्युतीय वा अन्य माध्यम मार्फत् क्रेता वा उपभोक्तालाई तुरुन्त दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गुनासो आएकोमा व्यवसायीले त्यस उपर छानबिन गरी पन्ध्र दिनभित्र निर्णय दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम गुनासोको छानबिन गर्दा सो सम्बन्धमा क्रेता वा उपभोक्ताबाट थप जानकारी माग गर्न आवश्यक भएमा गुनासो सुन्ने जिम्मेवार व्यक्ति वा एकाइले त्यस्तो जानकारी माग गर्न सक्नेछ।

(५) गुनासो सुन्ने जिम्मेवार व्यक्ति वा एकाइले क्रेता वा उपभोक्ताको गुनासो सम्बोधन गर्न सकिने भएमा सोही बमोजिम र सम्बोधन गर्न नसकिने भएमा सोको कारण

सहितको लिखित जानकारी गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित क्रेता वा उपभोक्तालाई दिनु पर्नेछ।

(६) व्यवसायीले यस दफा बमोजिम गुनासो व्यवस्थापनको लागि विद्युतीय प्रणालीमा आधारित संयन्त्र (अनलाइन रिड्रेसल मेकानिज्म) को विकास गरी लागू गर्नु पर्नेछ।

३४. <u>व्यवसायी आफैंले गरेको मानिने:</u> यस ऐन बमोजिम व्यवसायीको तर्फबाट निजको कर्मचारी, कामदार वा प्रतिनिधिले विद्युतीय व्यापार गरेकोमा त्यस्तो व्यापार व्यवसायी आफैंले गरेको मानिनेछ।

३५. <u>छुट, सुविधा वा सहुलियत दिन सक्ने:</u> विद्युतीय प्लेटफर्म मार्फत् मन्त्रालयले तोकेको सीमाभन्दा बढीको कारोबार गर्ने लघु, घरेलु तथा साना उद्योगलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक छुट, सुविधा वा सहुलियत दिन सक्नेछ।

३६. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>: यस ऐन बमोजिम कसूर ठहरिने काम अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

३७. <u>निर्देशिका बनाउन सक्ने</u>: मन्त्रालयले यस ऐनको कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका बनाउन सक्नेछ।